# ईश्वरपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
२ नं. प्रदेश, नेपाल

## सिलवन्दी दरभाऊ पत्र आव्हान सम्बन्धी सूचना
## प्रथम पटक प्रकाशित मिति २०७५।०९।०८ गते

यस कार्यालयलाई आ.ब. २०७५।७६ मा निम्न स्थानमा सिलवन्दी दरभाऊ पत्रवाट निम्न कार्य गर्नु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक फर्म, व्यवसायीहरुवाट निम्न शर्तहरुको अधिनमा रहि रितपुर्वकका सिलवन्दी दरभाऊ पत्र खरिद गर्न यो सुचना आव्हान गरिन्छ।

**तपसिल**

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र कार्यालय समयमा सम्वन्धित कारोवार गर्न इजाजत प्राप्त प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, मुल्यअभिबृद्धि कर दर्ताको प्रमाणित प्रतिलिपी र आ.ब.२०७४।७५ को करचुक्ता प्रमाण पत्र संलग्न राखी यस कार्यालय, वाट फिर्ता नहुने गरी नगदै रु १०००।०० (एक हजार) मात्र बुझाई कामको सिलवन्दी दरभाऊ पत्र खरीद गर्न सकिनेछ ।

२. फर्मले सिलवन्दी दररेट पेश गर्दा खाम वाहिर आफनो फर्मको नामथर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र दर्ता गरी सक्नू पर्नेछ । दर्ता भएका सिलवन्दी दररेट पत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ ।उक्त समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी दररेट खोल्न बाधा पर्ने छैन । कारणवश सिलवन्दी दररेट पत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. धरौटी वापतको रकम ईश्वरपुर नगरपालिका कार्यालय, ईश्वरपुरको धरौटी खाता नं. १०९०३०००००००३००००१ नेपाल बैंक लिमिटेड, बयलवास शाखा, ईश्वरपुर सर्लाहीमा नगदै वा मान्यता प्राप्त वाणिज्य बैंकको कम्तीमा ७५ दिनको बैंक जमानत सिलवन्दी दरभाऊ पत्र साथ पेश गर्नुपर्नेछ ।

४. सिलवन्दी दरभाऊपत्रमा दररेट उल्लेख गर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर उल्लेख गर्नू पर्नेछ । दररेट उल्लेख गर्दा अनिवार्यरुपमा अंक र अक्षरमा प्रष्ट उल्लेख हुनु पर्नेछ । अंक स्पष्ट नभएमा अक्षरमा खूलाइएको दररेटलाई मान्यता दिइनेछ ।

५. एक पटक पेश भएको सिलवन्दी दरभाऊ पत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

६. सिलवन्दी दरभाऊ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ ।

७. आफुले खरिद गरेको सिलवन्दी दरभाऊ पत्र सम्वन्धित फर्मले नै बुझाउनु पर्नेछ । रित नपुगेको वा म्याद नाघी प्राप्त सिलवन्दी दरभाऊ पत्रलाई मान्यता दिइनेछैन ।

८. माथी उल्लेखित भएकोमा सोही अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हूनेछ ।

| दरभाऊ पत्र नम्वर | कामको विवरण | लागत अनुमान (मुअकर वाहेक ) | धरौटी रकम रू. |
|---|---|---|---|
| ०६।२०७५।२०७६ | पक्की नाला निर्माण, चौलिखा बजारदेखि शंकरगंज जाने सडक ईश्वरपुर-०१ | ९,२७,८२३।८५ | २६,५००।०० |
| ०७।२०७५।२०७६ | पक्की नाला निर्माण, नयाँटोल मूल सडक, ईश्वरपुर-०१ | १३,३३,८०४।५१ | ३८,०००।०० |
| ०८।२०७५।२०७६ | पक्की नाला निर्माण, बद्रि महतोको घर देखि अजोधी महतोको कलभर्ट सम्म सडकको उत्तर तर्फबाट , ईश्वरपुर-०५ | १३,३३,८०४।५१ | ३८,०००।०० |
| ०९।२०७५।२०७६ | अधुरो नारायण बहुमुखी क्याम्पस भवन निर्माण ,ईश्वरपुर-०६ | १७,६९,५९३।५१ | ५०,०००।०० |
| १०।२०७५।२०७६ | सडक ढलान, रामपुर मेनरोड बाट रंजन के.सी.को घर सम्म जाने सडक, ईश्वरपुर-०८ | ७,८२,८१७।३२ | २२,५००।०० |
| ११।२०७५।२०७६ | कम्पाउण्ड वाल निर्माण, माछा संकलन केन्द्र भवन, ईश्वरपुर-१४ | ८,८७,०१७।५९ | २५,५००।०० |
| १२।२०७५।२०७६ | ट्रान्सफर्मर ११/०.४ के.भि., १०० के.भि.ए.(तामाको तार भएको)- २ थान, ईश्वरपुर | ११,८१,२००।०० | ३३,५००।०० |

**प्रमुख प्रशासकीय अधिकृत,**
**ईश्वरपुर नगरपालिका कार्यालय**